RNI No.: 21918/71

# गोर्खाली सुधार सभा

17 अप्रैल 1938

मासिक समाचार पत्र

वर्ष - 51 अंक - 6 जून 2022 मासिक पत्रिका मूल्य 9/- पृष्ठ 12

गोर्खाली सुधार सभा

रिसालदार राम सिंह पंवार ओ.बी.आई. द्वार




## गोर्खाली सुधार सभाद्वारा राष्ट्रीय ऑपन कराटे चेम्पियनशिप प्रतियोगितामा सहयोग

# शाखाका वार्षिक अधिवेशनहरू



जैन्तनवाला शाखा



श्यामपुर शाखा



कौलागढ़ शाखा



सेवली शाखा



भारूवाला ग्रांट शाखा



चंद्रबनी शाखा



मोथरोवाला शाखा




ठाकुरपुर शाखा

17 अप्रैल 1938

# गोर्खाली सुधार सभा

17 अप्रैल 1938
गोर्खाली सुधार सभा, देहरादून
वर्ष - 51, जून 2022

**सम्पादक**
कर्नल (अ.प्रा.) जीवन कुमार क्षेत्री

**विशेष सहयोग**
श्रीमती प्रभा शाह

**स्वामी/मुद्रक/प्रकाशक**
अध्यक्ष
गोर्खाली सुधार सभा

**मुख्य कार्यालय**
गोर्खाली सुधार सभा
मेजर धनसिंह थापा परमवीर चक्र मार्ग,
गढ़ी कैन्ट, देहरादून
फोनः 0135-2756070,
9897440879

**वितरक**
सभा शाखाध्यक्ष
डिजाइनिंग टाइप सेटिंग
विमला थापा एवं
करूणा क्षेत्री

**प्रकाशन कार्यालय**
वाणी प्रिंटिग प्रेस, घोसी गली,
देहरादून, उत्तराखण्ड

नोटः पत्रिकामा प्रकाशित लेखहरूको लागि सम्पादक मण्डल एवं प्रेसको सहमति हुन आवश्यक छैन। समस्त विवादहरूको न्यायालय क्षेत्र देहरादून छ।

## सम्पादकीय

युवा नै देशको अग्रगामी विकासका मुल आधार हुन् र युवाको मेहनतले नै देश बन्छ" यो भनाई जता ततै सुनिन्छ र सुनिन्दै आई रहेका छौं। युवावस्था भनेको परिवर्तन चाहाने उमेर हो र युवामा समाज र देशको लागि केही गर्ने चाहना पनि अधिक हुन्छ । यही कारण युवा असीम 'ऊर्जाको केन्द्र' र समाजको गौरवको आधार हुन। युवालाई 'राष्ट्रको शक्ति, अमूल्य सम्पत्ति, अग्रगामी परिवर्तनका अग्रदुत हुन् भन्नुमा मेरो गल्ती नहोला।समाजको विकास एक निरन्तर चलिरहने प्रक्रिया हो,जसले समाजको सामाजिक, आर्थिक, भौतिक र वातावरणीय अवस्थालाई सकारात्मक तरिकाले परिवर्तन गरिरहेको हुन्छ। साधरण भाषामा विकास भनेको कुनै पनि समुदायको जीवनमा आईपर्ने समस्याहरुको समाधान गरि नागरिकहरुको जीवनमा आउने सकारात्मक परिवर्तन हुन। तर,परिवर्तन सहजै आउँदैन। वास्तविक परिवर्तनका लागि समुदायका सबै स्तर,सबै वर्ग र समूहको सहभागिताको आवश्यकता पर्दछ। ती मध्ये सबैभन्दा उर्जाशील र परिवर्तनको चाह राख्ने युवावर्गको सहभागिता अत्यन्तै महत्वपूर्ण हुन्छ। कुनै पनि समाजमा सर्वाधिक संख्या युवाको हुन्छ अनि समाज, समुदाय र देशको विकासको निम्ति युवाको सहभागिता आवश्यक छ। साथै, युवा हरु शारीरिक हिसाबले मात्र सवल नभएर उनीहरुमा सकारात्मक सौंच हुने,श्रृजनात्मक कार्यमा लाग्ने क्षमता हुने र उनीहरुसँग समाज बदल्ने अटुट संकल्प हुन्छ अनि उनीहरुको सहभागिता जरुरी छ। युवाको सक्रिय सहभागितामा राजनैतिक, आर्थिक, सामाजिक, शैक्षिक र प्राविधिक रूपान्तरण गर्न सकेमा निःसन्देह सम्वृद्ध र समतामूलक समाजको निर्माण हुने छ। यसबारेमा समाजका सबै वर्ग, समूहले ध्यान दिनु पर्दछ ।

हाम्रो समाज पनि यो सत्यता र धारणा सित अछुत छैन। 60– 70 को दशक सम्म यहाँ हाम्रै समाज कै युवाहरुको सक्रिय संग– संगठन (नेपाली विद्यार्थी संग) थियो तर दुर्भाग्य, दीर्घायु रहेन। त्यस पछि युवा केन्द्रीत केहि संग संस्थाले यहाँ जन्म लियो भन्ने किटान गर्न सकिन्दैन। तर युवा को हुन त!!विभिन्न देशले विभिन्न उमेर भित्रका नागरिकहरुलाई ''युवा'' वर्गमा मान्दछन् जस्तै, बंगलादेशमा १५–३० वर्ष उमेर, चीनमा १८ देखि ३५ वर्ष नेपालमा १६–४० वर्ष अनि भारतमा १६–२६ वर्ष समूहको युवाहरुलाइ आदि। तर यो एउटा अंक मात्र हो। युवाकाल जब सम्म आफैलाई युवा मानी उर्जावान,शक्तिशाली,अपार जोश र होश सित समर्पित अनि संकल्पित भावले केही सकारात्मक परिवर्तन ल्याउने चहाना राख्ने हरेक नागरिक, युवा हुन्। युवा वर्ग उमेरको साँध भित्र किन ? निसन्देह आजको युवा नै भोलिको नेतृत्व हुन् ,देशको भविष्य हुन अनि एउटा अपुर्व पूंजी हुन् अनि यी युवाहरुलाई सहि मार्गदर्शन दिने जिम्मेवारी अहिलेको नेतृत्व, समाजको वरिष्ठ, दिग्गज नागरिक, अभिभावक अनि संग संस्था माथि छ। युवाहरुको रुझान, झुकाव अनि अभिरुचि आफ्नै समाज, समुदाय प्रति कम हुनु या हुँदै नहुनु, भाषा, परम्परा,कला अनि संस्कृतिको ज्ञान नहुनु नै समाज र समुदाय देखि टाडिनु हो साथै अन्य समाजको प्रभावले आफ्नै समाज प्रति हीनभावना पैदा हुनु हो जो अति चिन्ताजनक हो। सामुदायिक अभियान र राजनीतिक गतिविधिमा चासो राखी त्यसमा सामेल हुन पर्छ। युवाहरु भडकेको छैनन्, अवसर, मार्गदर्शन, सक्रिय नेतृत्व तथा संग संगठनको संवेदनशिलता र गम्भीरताको कमिको कारण हो। राजनैतिक गतिविधिमा (सुक्ष्म स्तरमा भए पनि) युवाहरुको सक्रियता देखिन्छ(पार्षद, ब्लक प्रमुख, पार्टी कार्यकर्ता) तर सामुदायिक अभियान प्रति पनि युवाहरुको संलग्नता हुनु पर्छ। हामी आफै सक्रिय बनौं युवाहरुको ताकत हाम्रो बनाऔं तबै हामी ताकत बन्न सक्छौं । युवाको ताकत समुदाय र समाजको ताकत बनोस्; यहि सोंच र संकल्प सित मार्गदर्शक बनौ हामी सबै। ''च्याँ देखि चिहान सम्म आफ्नै परिवार आफ्नै जाती भन्ने सत्यलाई मानौं।

## अध्यक्षको कलमबाट



श्री पदम सिंह थापा

समय बडि रहे को छ निरन्तरता सित आफ्ने धुनमा कसैलाई नसुनी कसै लाई नपरखी । समय बिते पछि फर्किएर फेरि आँउदैन केवल सम्झना र पश्चताप रहन्छ । यस्तै हाम्रो सा– सानो लापरपाहीले हामिलाई समयले पछि छोडदै गइ रहे को छ। अघि बडने जमको नगरेको होइन तर गति दिन सफल भएका छै नौ । थाहा छ हामी हेपिएको छौं। घरि घरि विदेशी भनेर राज्य को विकास र उन्नति को गतिमा अवरोधक पुरयाउने गोर्खा हुन भन्ने यहाँ को प्राथ जनता हरूको धारणा छ। आफ्नो योग्यतानुसार पाउन पर्ने अधिकार पनि पाएको छैना । राज्य र देश को प्रगति, सुरक्षा र विकासमा हाम्रो योगदान भए पनि सरकार ले कहिले पनि खुलस्त रूपले भनेका छैनन। हामिलाई के चाहिन्छ हामि के लिन पर्छ मनै मा राखेर पाइन्छ भन्ने धारणा मूर्खले पनि राख्दैन। हामि बाट सरकार लाई के चाहिन्छ, माँगे कै हुन्छ 'वोट ' !! त्यहि हो हामि बाट सरकार ले किने। यसमा केही दोस्रो विचार न होला। हामिलाई के चाहिन्छ, हाम्रो पनि त केही नभए पनि एकमत त हुन पर्ने !

## महामंत्रीको कलमबाट



श्री गोपाल क्षेत्री

गत 14 मई 2022 मा गोर्खाली सुधार सभाको प्रतिनिधिको रूपमा खरसांग (दार्जिलिङ) मा आयोजित ''पा. गंगा प्रसाद प्रधान एवं डा. पारस मणि प्रधान सालिग स्थापना तथा पवुद्ध सम्मान आयोजनमा '' उपस्थित हुने अवसर पाँए। उक्त समारोहमा देहरादुन बारे दिग्गज महानुभवहरुको धेरै कुरा सुन्ने मौका पाँए। सबैले देहरादुनको गोर्खाहरुको समाज, भाषा, देशको सुरक्षा प्रतिको योगदानको सराहना मात्र होईन एक ऐतिहासिक पनि हो बताए। जसको चर्चा सायदै हुँदो हो जसको कारण यस्तो गौरवमय योगदानलाई ईतिहासमा अंकित अहिले सम्म हुन सकेको छैन। यसैमा जोड दिँदै आह्वान गरे, देहरादुन भाषा ,साहित्य , संस्कार संस्कृति प्रति जागरुक भई नजागे यसको प्रभाव देहरादुने गोर्खाहरुमा मात्र होइन पूरा देशको गोर्खाहरुमा पर्नेछ।यो सत्य हो, म मान्छु, हामी सचेत छौं तर चेतनाले हामीलाई घोचेको छैन। हामीलाई जगाउने आह्वान आज म आफ्नो समाज प्रति गर्छु। जाती समाज अनि समुदायको अस्तित्व प्रति कमजोर नबनौं '' च्याँ देखि चिहान सम्म आफ्नै परिवार आफ्नै जाती'' हुन भने ''जन्मे देखि नमरुन्जेल सम्म '' आफ्नो चिनारी सित बाँचौं। स्मरण गरौं शहिद मेजर दुर्गा मल्ल, वीर खडग बहादुर बिष्ट, ठाकुर चन्दन सिंह, आन्नद सिंह थापा जसले समाज र देशको निम्ति अतुल्य योगदान पुर्याएको थिए। हामी जागे अरुलाई पनि जगाउन सकिन्छ ।

धन्यवाद

# 14 मई 2022, अंतरंग सभा, गोर्खाली सुधार सभा

1. गत् महिना अन्तरंग सभा गोर्खाली सुधार सभाको जनरल मानेकशॉ सभागारमा दिनांक 14 मई 2022 विहान 11बजे माननीय अध्यक्ष श्री पदम सिंह थापाज्यूको अध्यक्षतामा आयोजित भयो।

क) स्वागत सम्बोधन – महामंत्री श्री गोपाल क्षेत्री ज्यूले सभामा उपस्थित शाखाध्यक्ष, केन्द्रीय कार्यकारिणी, पूर्व अध्यक्ष, आमंत्रित सदस्यगण तथा अन्य संस्था का पदाधिकारीहरूको स्वागत अभिनन्दन गर्नु भयो एवं उपस्थिती निम्ति आभार व्यक्त गर्नु भयो।

ख) दिवंगतहरू प्रति श्रद्धाजली विगत माहमा दिवंगत हुनु भयेका सदस्यहरूको आत्मा शान्ति तथा दुखित परिवारले यो दुखः सहन गर्ने शक्ति पाओस यस निम्ति दुई मिनट को प्रार्थना सभा भयो । दिवंगतहरूको सूची :–

| | | |
|---|---|---|
| श्रीमती मोतीकला गुरूंग | जैन्तनवाला | 02/05/2022 |
| श्री विरेन्द्र सिंह थापा | जैन्तनवाला | 05/05/2022 |
| श्री रनवीर थापा | जैन्तनवाला | 29/04/2022 |
| श्रीमती राशी थापा | नवादा | 06/05/2022 |
| श्री राजन आले | रायपूर | 18/04/2022 |
| श्रीमती दिलमाया प्रधान | इन्द्रिरानगर | 25/04/2022 |
| श्रीमती राशी थापा | बरोटीवाला | 02/05/2022 |
| के.बुद्धि बहादुर थापा | सेलाकुई | 02/05/2022 |

ग) आमंत्रित अतिथीहरूको स्वागत एवं सम्बोधन – माननीय अध्यक्षज्यूले गोर्खा मिलिट्री इन्टर कालेज की प्राचार्य श्रीमती दिपाली जुगरान तथा स्टॉक एक्सचेंज बार्ड इन्द्रिया का वित सलाहकार श्री संजय कुमार अग्रवालज्यूको अभिनन्दन तथा उज्जवल भविष्यको कामना गर्नु भयो।

i) श्रीमती दिपाली जुगरान – सभामा आमंत्रण, सत्कार तथा शुभकामना निम्ति आभार व्यक्त गर्नु भयो। पूर्वको जस्तै सभा द्वारा सदै सहयोग गर्दै रहने अनुरोध गर्नु भयो। विद्यालयमा सभाको सुझाव तथा सहभागिताको आवाहन पनि वहाँले गर्नु भयो।

ii) डा. संजय कुमार अग्रवाल, वित्तीय सलाहकार – आदर सत्कार निम्ति आभार व्यक्त गर्दै वहाँले सबै उपस्थित महानुभावहरूलाई पारिवारिक धन संचय तथा सुव्यवस्थित निवेश आवंटनमा सजग तथा सक्रिय रहनु बारे विस्तारमा जानकारी दिनु भयो साथै भविष्यमा धन निवेश समबन्धि जानकारी तथा यथा सम्भव निशुल्क सहयोग गर्ने आश्वासन पनि वहाँले दिनु भयो।

2. अन्तरंग सभाका ऐजेण्डाहरू : –

क) वार्षिक आय–व्ययको व्योरा तथा आगमी वर्ष निम्ति अनुमानित बजट।

ख) वार्षिक अधिवेशनमा वक्ताहरूको नाम लिने सुनिश्चित गर्नु।

ग) भानु जयन्ति कार्यक्रममा भाषण/लेख प्रतियोगिता बारे छलफल।

घ) सभाको छात्रवृत्ति राशि वृद्धि गर्नु बारे छलफल तथा राशि सुनिश्चित गर्ने।

ङ.) स्थापना दिवसको सफल समपन्न अनि खर्चाको विवरण तथा अधिक खर्चा सम्पुष्टि।

3. अन्तरंग सभाको सम्पुष्टि – महामंत्री ज्यूले विगत माहको अन्तरंग सभाको विवरण सभा समक्ष प्रस्तुत गर्नु भयो, अन्तरंग सभाले सम्पुष्टि दियो। महामंत्री ज्यूले सम्पुष्टि निम्ति सबैको आभार व्यक्त गर्नु भयो।

4. आय–व्ययको सम्पुष्टि – माननीय कोषाध्यक्ष श्री प्रदीप क्षेत्री ज्यूले अप्रैल माह को आय–व्ययको व्यौरा तथा ऐजेण्डामा वार्षिक आय–व्ययको आगामी वर्षको अनुमानित बजट तथा स्थापना दिवसको आयोजनमा अतिरिक्त खर्चा आदिको शंका विवरण उपरांत सभाले सम्पुष्टि दियो।

5. सभा द्वारा पत्राचार –

क) सबै गोर्खा पल्टन/गोर्खा ट्रेनिंग सेन्टर तथा जी.आर.डी.मा सभाको स्मारिका तथा गतिविधी / सूचना प्रेषित गरेका छौं।

ख) गोर्खा संघ, संस्थाहरूमा स्मारिका प्रेषित तथा लेख / सूचनाहरू आमंत्रण गरेका छौं।

ग) लालगेट देहरादून केंटको संरक्षण निम्ति सव ऐरिया का जीओसी लाई निवेदन गरेका छौं।

घ) धेरै वर्ष देखी वार्षिक बैठक न गरेका शाखामा मई माह सम्म बैठक न गरे, सभाका केन्द्रीय पदाधिकारी स्वयं जून माहका समबन्धित शाखामा भम्रण गर्ने सूचना पठाये का छौं।

ङ.) सभामा निर्माण गर्ने कार्यदायी संस्थालाई को कार्य पूर्ण गर्नु तथा नया निर्माण शीघ्र गर्नु पत्र दियेका छौं।

च) स्थापना दिवसका मुख्य अतिथि एवं दार्जिलिंग सासंद श्री राजू बिष्ट ज्यूलाई घोषित राशि आवंटन गर्नु निम्ति निवेदन दिये का छौं। वहाँलाई स्थापना दिवस आमंत्रणमा उपस्थितीको लागी आभार दियेका छौं

छ) कौलागढका दानदाता श्री अनिल जमुना भण्डारी ज्यूलाई दान निम्ति आभार पत्र दियेका छौं।

ज) उत्तरकाशी मिडिया चेनलमा गोर्खा समुदायलाई अपशब्द टिप्पणी प्रयोग गरेको भर्तसग तथा चेतावनी पत्र दिये का छौं।

झ) स्टेट बेंक गढीलाई किराया संशोधन तथा किरायानामा नवीनीकरणको सूचना दियेका छौं।

6 .सूचनाहरू –

क) मौरी, उत्तरकाशी की विमला देवीलाई यथा सम्भव सहयोग व सुरक्षा दिनु निम्ति पुलिस प्रशासनलाई पत्र दिये का छौं।

ख) भवन किरायेदार श्रीमती कृष्णा थापा/ह.योगेश थापाले अदालत देखी घर खाली गर्ने नोटिस दिनु अदालती केस फाईल गरेका छौं।

ग) खरसांग, दार्जिलिंग गोर्खाजन पूस्तकालयले डा. पारस मणि

प्रधान तथा गंगा प्रसाद प्रधानको सालिग स्थापना तथा प्रबुद्ध सम्मान सम्मेलनमा निमंत्रण दियेका छन। आदेशनुसार महामंत्री ज्यूले समारोहमा प्रतिभोग गर्नु भयेको छ।

घ) माननीय मुख्यमंत्री ज्यूलाई गोर्खा समुदायका कार्य क्षेत्र बढेको कारण भुखण्ड दान निम्ति निवेदन गरेका छौं। स्थापना दिवसमा मुख्यमंत्रीको स्थापनामा माननीय गणेश जोशी ज्यूले भुखण्ड दान दिने सहमति दिनु भयेको छ।

कृ) अखिल भारतीय गोर्खा पूर्व सैनिक उज्जवल भविष्य कोष समितिले आफिसको लागी सभा परिसरमा भवन माँगेको छ।

7. महामंत्रीका निवेदन –

क) भवन निर्माण तथा वस्तुक्रय निरिक्षण समितिले आफ्नो प्रगति विवरण सभालाई समय–समयमा प्रस्तुत गुर्न होला।

ख) शाखामा आगामी चुनाव बारे प्रत्येक माहको मासिक बैठकमा सूचित गर्दै रहनु होला।

ग) सोशल मिडिया मात्र सभाको जानकारी तथा कार्यक्रमहरूलाई साझा गर्नु निमित्त बनायेको हो, अन्य विषय तथा शुभकामनाहरू निजी वॉट्स्ऐप(Whats App) न0 मा दिने निवेदन छ।

घ) कोविड प्रभाव समाप्त भयेको छैन, बचाव निर्देश हामी सबैले पालन गरौ।

8. उपस्थिति महानुभावहरूको सुझाव –

क) श्री गंगा बहादुर गुरूंग, शाखाध्यक्ष श्यामपुर – गोर्खाली सुधार सभामा स्थापना दिवसको आयोजन सफल पूर्वक समपन्न भयो, सबै पदाधिकारी शाखाध्यक्ष तथा सदस्यहरूले सक्रिय सहयोग गरेको छन सबैलाई बधाई छ। यस आयोजन सम्मानमा हामीलाई सम्मान गर्नु भयो त्यस निम्ति आभारी छै। तर कुनै महानुभावलाई मेरो सम्मान निम्ति शंका या विरोध छतयो सम्मान मइले किन प्राप्त गर्ने अन्य पात्र व्यक्तिहरूले पायेका छैनन भने, त्यसमा मेरो कुनै दोष छैन। अ.भा.गा.पू. सै.उ.भ. कोष समिति दानदाताहरूको धनले चली रहेको छ। पदाधिकारीहरूले अभ्यर्थी तथा परिजनहरूको तिरस्कार तथा असहयोग गर्ने देखी बचनु होस। छात्रवृति पाउनुमा योग्य छैन त वहाँलाई ससम्मान उचित उत्तर दियेर बुझाई दिनु होला।

गोर्खाली सुधार सभामा दान गर्नेहरूले स्वयंलाई आयकर ले युक्त गर्नु हुन्छ। यदि वहाँले हामी लाई धनले सहयोग गर्नु हुन्छ त पुनः पुनः हामी वहाँको ऋणी न बनौ, अन्यहरूले पनि जसमा राजनेतिज्ञहरू पनि छन। हामीहरू स्वयं अधि आऐर दान प्रति सहयोग गरौ।

सभामा हुने आयोजनको तैयारी एक माह पूर्व गरे हामीले तैयारी सफल बनाउन सक्छौं।

सोशल मिडियामा अभिवादन तथा निमंत्रण दिनु प्रबलन हामीले न गरौ निवेदन छ।

ख) श्री नरेन्द्र गुरूंग शाखाध्यक्ष रायपुर – स्थापना दिवस सफल आयोजनमा केन्द्रीय पदाधिकारी, शाखा पदाधिकारी, संघहरूका पदाधिकारी तथा सदस्यहरूको प्रयास थियो। सबैलाई धेरै आभार छ।

संरक्षक तथा दान दाताहरूलाई बसने व्यवस्था पनि सुनिश्चित गरी दिने निवेदन छ। सम्मान प्राप्तकर्ताहरूलाई कसरी सम्मान दिने नियमावली बनाई दिनु होस। सभामा स्वयंले दान दियेर एउटा कोष बनाई दिनु होस तथा सबै प्रकारको खर्चा त्यसमा देखिने छ। चुनाउ प्रक्रिया 5 वर्ष को बनाई दिने आर्थिक वचत हुने छ। पूर्वमा पनि यस प्रकारको सुझाव आई रहेको छ। सभागारमा विशिष्ट व्यक्तिहरूको फोटो लागेको छ, क्रम तथा प्राथमिकता लागी नियम अनुसार समितिले विवेक पूर्वक सुनिश्चित गरी दिनु होस। जी.एम.आई.सी भवन अनुरक्षणमा हामी सबैले सहयोग गरौ, पूर्वमा सहयोग प्राप्त भई रहेकोछ वहाँहरूको धेरै आभार छ। शाखाध्यक्षले आफ्नो पद छोडने से पहिला सभालाई अनुदान दिये सहयोग हुने छ। अन्य संद्य / संस्थाहरूले स्भाले गरेको उपलब्धिहरूको धेरै सराहना गरी रहेका छन।

ग) श्री डी.एस. भण्डारी, शाखाध्य़क्ष क्लेमेन्टटाऊन – सभाका सांगितिक गुप तथा केन्द्रमा साउन्ड सिस्टम उच्च तकनीकले व्यवस्था गर्नु पछ।

घ) श्री शंकर थापा गढ़ी शाखाध्यक्ष – गढ़ी शाखाले अन्य शाखाहरू भन्दा बढ़ी चढ़ी धन व्यवस्था गरेर केन्द्रमा दान गरी रहेको छ। अन्य शाखाध्यक्षहरू सित विनम्र निवेदन छ शाखामा धेरै सम्पन्न व्यक्तिहरू छन वहाँलाई प्रेषित गर्नु होस। हॉलमा वहाँहरूको नाम प्रदर्शित गर्नै छौ। आयोजनहरूमा प्राय आरक्षित स्थानमा बुर्जुग तथा अन्य सम्मानित व्यक्ति बसे पछि वहाँलाई अन्यत्र वसालनु गारौ पर्नु जान्छ, तथापि हामी सुनिश्चित स्थानमा सबै वसने व्यवस्था प्रयास गरने छौ।

ड.) श्री धीरन्द्र क्षेत्री शाखाध्यक्ष भारूवाला – स्थापना दिवसमा सबै पदाधिकारी व अन्य सदस्यहरूका प्रयासले सफल सम्पन्न भयेको छ। समारोहमा उपस्थित पूर्व अध्यक्ष तथा सबै विशिष्ट व्यक्तिहरूको नाम मिडियामा आओस सुनिश्चित गर्नु होला। सम्मानमा छुटेका शाखाध्यक्ष तथा पदाधिकारीहरूको सम्मान भावी कार्यक्रम अथवा नव वर्षको उपलक्षमा गरी दिनु होला।

च) श्री जोगेन्द्र शाह, विकास नगर शाखाध्यक्ष – स्थापना दिवसमा गोर्खा गौरव सम्मान प्राप्त गर्ने व्यक्ति अति कुशल एवं प्राथमिकता सम्पन्न हुन पर्छ। अन्य व्यक्तिको पनि सम्मान तथा व्यक्तित्व उल्लेख पनि हुन पर्छ। अन्य स्थान देखी पाउने छात्रवृतिलाई हामीले फेरी सहयोग न गरौ।

छ) श्री. सी.बी. गुरूंग भगवानपूर शाखाध्यक्ष – राशन कार्डहरू पुनः सत्यापन भई रहेको छ। सरकारले अधिसूचित गरेको छैन।

ज) श्री अर्जुन थापा तेलपुरा शाखाध्यक्ष – कतिपय व्यक्तिहरूले सेनामा पूर्ण सेवा दियेर पेन्शन पायेका छन वहाँ प्राय सबै अन्य जातिका हुन, वहाँको आपसभा पारिवारिक विवाद पनि परेको छ। हामीले कुनै पनि अवस्थामा अन्य जातिलाई गोर्खा प्रमाण दिने होइन।

झ) श्री बुद्व बहादुर गुरूंग छिद्दरवाला शाखाध्यक्ष – वहाँले तेलपुरा शाखाध्यक्षको वक्तव्य समर्थन गर्नु भयो, भविष्यमा हामीले सबैलाई शाखामा पुनः पुनः यस बारे सचेत गर्नु पर्छ।

ञ) श्री ईश्वर प्रसाद रेग्मी,, इन्द्रनगर शाखाध्यक्ष – पछिलो चार पीढ़ी महिला 1952 मा गोर्खा जाति ग्रहण गरेका परिवारहरूलाई हामीले समर्थन गर्नु पर्छ तयापि यदि शंका भये हामीले कानूनी सलाहकारको पनि सहयोग लिने हो।

ट)  प. गोविन्द प्रसाद पन्थी शाखाध्यक्ष नवादा – कुनै अवस्थामा पनि हामीले अन्यलाई समुदायमा शामिल न गरौ।

ठ)  श्री भगवान सिंह थापा, जैन्तनवाला शाखा सदस्य – पछिलो तीन पीढ़ी देखी गाँवमा सदस्यता लिऐका छन तथा वर्तमान परिस्थितीमा गोर्खा जाति समबन्धी सबै रिकार्डलाई परिवर्तन गर्नु धेरै असुविधा हुने छ। सभाले यी गरीब परिवारलाई  समाज मा  निरंतरता गरी दिने निवेद छ।

ड)  श्री विष्णु प्रसाद खत्री, शाखाध्यक्ष ठाकुरपूर – अन्य जातिको समुदायमा शामिल भये पनि सभालाई वहाँको आफन्तहरूले विरोध गरे पछी धेरै विवाद हुन्छ।

ढ)  के.बी. एस.मल्ल, सेना मेडल, शाखाध्यक्ष गोर्खा कारबारी – अब गोर्खा जाति प्रमाणा अन्यलाई न बनाउनु होस, गलत प्रमाणले पेन्शन पाउने लाई हामीले दण्डात्मक कार्यवाही गर्नु पर्छ।

ण)  बिग्रे. पी.एस. गुरूंग , पूर्व अध्यक्ष  – गोर्खा मिल्ट्री कॉलेजमा हामी सबैले धेरै छात्रहरूले भर्ना लिने प्रोत्साहन दिने गरौ। प्रबन्धनले पनि प्रयास गरी रहेको छ। विद्यार्थी धेरै भये हामीले जोगाउनु प्रयास गर्नु पर्छ। श्रीमती दीपाली जुगरानलाई प्रार्चाय प्रोन्नतको धेरै बधाई।

अध्यक्षज्यूको सम्बोधन –

अन्तरंग सभामा बैठकमा उपस्थित सबै महानुभावलाई स्वागत जनाउनु भयो र अन्तरंग सभा उठेको बुन्दा माथि आफ्नो विचार राख्नु भायो।

i)  सर्वप्रथम अध्यक्षज्यूले 84वाँ स्थापना दिवसको सफल पूर्वक समापनको लागि सबै शाखाध्यक्ष एवं कार्यकारिणीहरूको धन्यवाद टक्राउनु भयो र समाजमा सबैले एक साथ मद्द गर्नु भयो। उपजातिय समितिका अध्यक्ष अनि कार्यकारिणीले पनि सभालाई सहयोग निम्ति लागि धन्यवाद टक्राउनु भयो।

ii)  अमर शहीद के0 दल बहादुर थापा ज्यूको शहीद दिवस उत्तराखण्ड नेपाली भाषा द्वारा दुर्गा मल्ल पार्कमा  मनायो तर हाम्रो समाज को उपस्थिति एकदम कम थियो। मंत्री ज्यूले तंज गर्नु भयो, खानु पिने कार्यक्रममा गोर्खालीहरूको धेरैई देखिने थिये। हाम्रो समाजको लागि सोचने योग्य कुरा हो।

iii)  यस वर्ष स्थापना दिवसमा स्मारिका विमोचन राम्रो भयेको थियो अन्य विशिष्टहरूको शुभकामना पाई रहेको छ, यसको श्रेय हाम्रो सम्पादक कर्नल जीवन कुमार क्षेत्री ज्यूलाई जान्छ।

iv)  स्थापना दिवसमा बसने व्यवस्था सभा द्वारा विशेष व्यवस्था थियो तर सरंक्षकको आरक्षित स्थान थियो तर पहिला उपस्थित हुने सदस्यहरू स्वयं बसनु भयो तथा संरक्षक वरिष्टहरूलाई अली पछी बसने जगह पायेको थियो।  भविष्यमा हामी यस बारे सचेत हुने छौं

अ) शाखाको वार्षिक अधिवेशन समय–समयमा भई रहेको छ प्रत्येक वर्षको शाखाले ऑडिट र वार्षिक अधिवेशन समयमा गर्ने हो।

vi)  अध्यक्षज्यूले बताउनु भयो कि 24 मईको देहरादून परेड ग्राउडमा रोजगार मेला छ। हाम्रो नानीहरूले वहाँ गयेर  आफ्नो इन्टरव्यू दिनु पर्ने छ।

vii)  सेवली शाखाको वार्षिक अधिवेशनमा सदस्यहरूले भन्नु भयो कि सभाको सांउड सिसटंम नया लगानु आवश्यक छ, पछि बसे को श्रोताहरूलाई सुनाई दिं दैन, नया किनेर लगाउनु होस।

viii)  अध्यक्षज्यूले गोर्खा मिलिट्री इन्टर कॉलेजको प्रिसिपल श्रीमती दिपाली जुगरान लाई प्रिसिपल प्रोन्नत भयेको उपलक्षमा सम्मान दिनु भयो साथै वहाँलको उज्जवल भविष्यको कामना गर्नु भयो।

ix)  ठाकुरपुर को शाखाको वार्षिक अधिवेशन बहुत राम्रो भयो र वहाँले समुदायको उत्थानको लागि काम राम्रो भयेको छ, वहाँका बृद्विजीवीहरूले गोर्खाली सुधार सभाले साल–सालमा एक उत्तराखण्ड राज्य स्तंरको फुटबाल मेच हुनु चाहिन्छ र यसमा हाम्रो समाजको खिलाडी हरूलाई मौका पान्छ र अघाडीको खेल स्तर विकसित हुनु जान्छ। इस बुन्दामा विमर्श गरेर अघाडी कसरी सम्पन्न गर्ने प्रयास गर्ने छौं।

x)  अध्यक्षज्यूले शाखाध्यक्षहरूलाई बताउनु भयो कि आने वाला वार्षिक अधिवेशन जुलाई महीनाको 17 जुलाईमा हुने तय होला र कोषाध्यक्षज्यूले जो अनुमानित बजट अनि साल भरी को बजट पढेर सुनाउनु भयो साथै पूर्वमा सम्पुष्टि दिये को बुन्दाहरू पढेर सुनायो कार्यक्रमको लागि अतिरिक्त खर्चा को सबै सम्पुष्टि पनि लिये।

xi)  आउने समयमा अब सभाले  स्थापना दिवस 100 साल मनाउने छ, यस बारे आगे हामीलाई कार्य गर्नु पर्ने छ र अइले बाट हामी लाई शाखा–शाखामा यसको प्रचार – प्रसार र उसको लागि फन्डको व्यवस्था पनि गर्नु पडला।

xii)  पछिलो कई अन्तरंग सभा द्वारा एक स्वरमा आउने चुनाउको लागि शाखाध्यक्षहरूले केन्द्रको पदाधिकारीको लागि वर्तमान कार्यकारिणीको उपलब्धि देखेर अध्यक्ष उपाध्यक्षहरू हुनु पर्‍यो र चुनाउ प्रक्रियामा न गई निर्विरोध चुनाउ हुनु पर्छ र चुनाउको प्रक्रियामा शाखा और केन्द्र को पनि  खर्चा बढनु जान्छ। यसै शाखाको वार्षिक अधिवेशनमा पनि शाखाको चुनाउ शाखामा और केन्द्रको पदाधिकारीको चुनाउ केन्द्रमा नियमावली 2016 को हिसाबले चुनाउ समिति द्वारा हुने छ। सबै शाखाध्यक्षज्यूहरूले यसको समपुष्टि दिये  आगे एजीएम मा यसलाई पास गर्ने भन्नु भयो।

xiii)  अन्तरंग सभामा शाखाको अध्यक्ष अनि पदाधिकारी र केन्द्रको अध्यक्ष अनि पदाधिकारीको कार्यकाल लाई  तीन वर्षको जगहमा पाँच वर्षको हुनु पर्छ। किन भने हर तीन सालमा चुनाउ गरानू , उसको व्यवस्था बनाउनू अनि खर्चा सबै हेनु पर्छ। केई ठूलो कार्य सभामा राजनेताको निधि द्वारा निर्माण आवटन तथा कार्य को देख रेख पनि राम्रो हुनु जाने छ यस विषयमा शाखाध्यक्षहरूले आफ्ना बुन्दा राख्यो। सभाले आफ्नो सम्पुष्टि दिये।

xiv)  अध्यक्षज्यूले भन्नु भयो कि सभा द्वारा गोर्खा गौरव तथा अन्य कसैको उत्कृष्ठ कार्यको एवजमा जो सम्मान सदस्यहरूले पाउने छन यसको लागि एक SOP(दिशा निर्देशन) को तैयार करने आवश्यकता छ र, कार्यालयले जल्दी बनाई हाल्ने र अन्तरंग सभामा सूचित गर्ने छौं। साथै जनरल मानेक्शॉ हालमा जो फोटोहरू हाम्रो समाजको पूर्व सैनिक, संस्थापक अध्यक्ष और राष्ट्रपति पदक, सैनाको पदक हरू र खेलपदक विजेता अंग्रेजको समयमा लाई सुबेदारको अवार्ड पाउनेहरूको एक SOP बनायेर र सबै फोटोहरूलाई हालमा उचित सम्मानको ठाँउ दिने कार्य हुने छ।

xv)  सभामा जति पनि बिल्डिंग निर्माण, वजीफा दिने या अन्य

उत्तरदायित्वहरू छन सबै समितिहरूले आफ्नो रिर्पोट मलाई समयमा बुझाउनू होला और समाप्ति तिथि सुनिश्चित गर्नु होला।

xvi) अंतमा अध्यक्षज्यूले अन्तरंग सभामा साहार्दपूर्ण विचार विमर्श गर्नु तथा शांतिपूर्ण सहयोग गर्नु निम्ती उपस्थित महानुभावहरूको आभार व्यक्त गर्नु भयो तथा अंतरंग सभा समापन घोषणा गर्नु भयो।

## 'कौमी गाने' केप्टन राम सिंह ठाकुरको गीत सङ्ग्रहमा नजर पुग्दा

स्वर्गीय पिता आ.कप्तान गजराज सिंह ठाकुरको पुरानो बाक्समा धेरै पुस्तकहरूमा छोपिएका 'कौमी गाने' पुस्तक प्राप्त भयो। आवरण एकदम साधारण मुद्रक व्यवस्था आल इन्डिया INA आरकेस्ट्रा, प्रकाशक JK EL Press, D.Dun (तारिख लेखेको छैन) अनि 1000 प्रति छापिएको लेखेको छ। पृष्ठ संख्या सोलहको दाम चार आना मात्र राखेको छ। दाम राजस्थानको बनियाहरूले उहिलेको लिपिमा अंकित छ। यसको मुनि' इतफाक–एतमाद– कुर्बानी' लेखेको छ। यसमुनि' आजाद हिन्द फौज के कौमी गाने' अनि मुद्रक आल इन्डिया INA आरकेस्ट्रा, प्रकाशित छ। यसको मुनि म्युजिक डाइरेक्टर कैप्टन राम सिंह ठाकुर छापिएको छ। पुस्तकको भूमिका हिन्दी भाषामा लेखिएको छ।

'आजाद हिन्द फौज के आरकैस्टाको जन्मे हुये अभी कोई एक महीना ही हुआ है और इस समय में इसने आपना पहिला जलसा सिर्फ मसूरी व देहरादून में ही किया है यद्यपि इसको पूर्ण अवस्थामें लाने में अभी बहुत कुछ कसर है फिर भी मुझको इस बात का गुमान है कि संगीत पसन्द जनता पर इसका काफी प्रभाव पड़ा है।

कौमी गानों को जनता ने बहुत पसन्द किया और इस बात की बहुत मांग की गई कि कौमी तरानों की एक पुस्तक बनवाई जाये इसलिये छोटी सी पुस्तक में कुछ कौमी गानों को पेश करने की कोशिश की गई है और मुझे आशा है कि जनता इन्हे पसन्द करेगी, जैसा कि इन गानों से प्रतीत होता है कि हमारे नेता जी के उपदेशों को ध्यान में रखते हुये हिन्दुस्तान की सब जातियों के अंतरगत परसपर मेल व प्रेम की भावना को बढ़ाने की कोशिश की गई हैं।

यदि आजाद हिन्द, फौज के आरकैस्ट्रा इन गानों की मद्द से आजादी की उमंगो को बढ़ाने में सफल हो सके तो इस पुस्तक के बनाने का सिद्वान्त पूर्ण हो जायेगा।

मेरी यह इच्छा थी कोई राजनीतिज्ञ इस भूमिका को लिखता जो कि गानों के गढ़ उदे्शों को भली भांति जनता को समझा सकता, जिसे कि मैं एक सिपाही होने के कारण कर न सका।

## गार्दा वर्ल्ड गोर्खा छात्रवृति

**छात्रवृति विवरण**

तीन वार्षिय स्नातक छात्रवृति (दून विश्वविधालय)

वित्तिय सहायता हेतु गार्दा वर्ल्ड द्वारा प्रदान तथा गोर्खाली सुधार सभा द्वारा सिफारिश हुने छ।

छात्रवृति निम्ति दून विश्वविद्यालय द्वारा स्वीकृत हुने छ। छात्रवृति निवदेन निम्न प्रकारले दर्शाये को छ।

**निवेदन प्रक्रिया –**

31 मई देखि पहिला ऑनलाई प्रक्रियाले भरिने छ।

अभ्यर्थीले निम्न पपत्र निवेदनको साथ उपलब्ध गराउनु होला

- इन्टरमिडियट (10+2) को अंक पत्र
- ट्रास्फर/माइग्रेशन सटिफिकेट
- चरित्र प्रमाण पत्र
- प्रवेश शुल्क 800/–(उत्तीर्ण छात्रलाई पूर्णतयाः फिर्ता हुने छ) स्नातक अभ्यथीले जमा गर्नु।

अभ्यर्थीले आफ्नो छात्रवृति निम्ति gwsmea.scholarships@garda.com सहमति दिने छ। विद्यालयमा छात्रवृति कार्यक्रममा प्रवेश भये पछि मात्र वहाँले छात्रवृति बारे अवसर पाउने छन।

**2. प्रवेश परीक्षा व्यवस्था**

परिक्षा दिये पछि रिजल्टको प्रतीक्षा गर्नु पर्ने छ। विश्व विद्यालयमा प्रवेश लिए पछि अभ्यर्थी स्वतः गार्दा वर्ल्ड गोर्खा छात्रवृतिमा मौका पाउने छन।

3. गार्दा वर्ल्ड गोर्खा छात्रवृति निवदेन विश्वविद्यालयमा प्रवेश लिए पछि अभ्यर्थीले स्वतः गार्दा वर्ल्ड गोर्खा छात्रवृतिमा मौका पाउने छन। समितिले निष्पक्ष प्रक्रियाले छात्रवृति मूल्याकंन गर्ने छ।

4. **उत्तीर्ण छात्रवृति अभ्यर्थी को सूचना**

उत्तीर्ण र अनुत्तीर्ण अभ्यर्थीलाई सूचना दिने छौं।

**छात्रवृति चयन**

आर्थिक आवश्यकता आधार, शैक्षिणिक प्रदर्शन तथा अनुशासनिक व्यवहार अनुसार छात्रवृति अभ्यर्थी को चयन हुने छ। यी सबै बुन्दाहरूको आधार प्रतिलिपि जस्तो आर्थिक हेसियत / शिक्षण प्रगति प्रति मूल्याकंन उपरान्त समितिले चयन गर्ने छ।

# सत्य घटनाहरु युद्ध क्षेत्र बाट

जीवन कुमार छेत्री (से.नि)

**सत्य हो पुर्खौं देखि सुन्दै आई रहेको "लेखेकोले हुन्छ, देखेकोले हुँदैन" भन्ने चरितार्थ सत्य हो, यसमा भिन्न मत कसैको नहोला। यसको पुष्टि केही सत्य घटना बाट हुन्छ जुन गोर्खाहरुको "वीरता" को इतिहास लेखिएको युद्ध क्षेत्रबाट छ।**

## (1)

युद्धकालः दोस्रो विश्वयुद्ध

युद्धक्षेत्रः भारत–वर्मा सिमाना (वर्तमान म्यानमार)

दिनांकः 24 मार्च 1944

राइफलम्यान छब्बे थापा यस युद्धकालमा आफ्नो बटालियन ३⁄६ब्रिटिश भारतीय गोर्खा राइफल्समा सेवारत थिए। आफ्नो युद्धकलामा सक्षम अनि सफल थिए अनि यस घटनाको समय 3 इन्च मोर्टर सेक्सनमा बम्बर थिए, एक सक्ष्म, माहिर अनि सफल बम्बर जसको निशाना कहिले चुकेन, हानेको गोला कहिले खेर गएन ।

ब्रिटिश सेना अनि जापानी सेना माझ भिषण युद्ध छेडिएको थियो। दुवै दुश्मन दृढ थिए अनि युद्ध आ–आफ्नो पक्षमा गर्न चहान्थे। तर निर्णय आउन भन्दा पहिले नै युद्धले अर्को मोड लियो – दुवै पक्षको गोला बारुद सकियो, पछि बाट आपुर्तीको पनि सम्भावना थिएन। ब्रिटिशसेनालाई पछि हट्ने आदेश पायो। पछि हट्न पनि युद्धकला हो जो तयवद्ध योजना अनुसार हुन्छ। योजना बने पछि ब्रिटिश सेना पछि हट्न शुरु भयो। ब्रिटिश सेनाको पछि जापानी सेना पिछा गर्न लागे हल्ला गर्दै, शोर मचाँउदै..... हा... ला... हा..... हा..... ला... ला.... भन्दै। त्यसै समय ब्रिटिश सेनाको जंगी हवाई जहाज (Fighter Aircraft) उनीहरुमाथि अचानक उडी रहेको थियो जो योजनामा सामेल थिएन।ब्रिटिश सेनाको निम्ति सुनौलो अवसर थियो, यस जंगीहवाई जहाजको उपयोग गर्ने। बिचार विमर्श भयो कमाण्डर माझ, निर्णय भयो हवाई जहाज द्वारा,पिछा गरिरहेको जापानी सेना माथि बम खसालेर क्षति पुर्याउने। ब्रिटिश सेना मुख्यालयबाट यो योजनाले स्वीकृति पाए पछि शुरु भयो बम खसाल्ने प्रक्रिया। पहिलो आवश्यक थियो हवाई जहाजको पायलटलाई त्यो स्थान क्षेत्र चिन्हित गराउने जुन क्षेत्रमा हमला गराउनु छ अनि अर्को थियो सहि हथियार र टिमको चुनाव जसले अचुक निशाना सित पायलटलाई त्यो क्षेत्र दर्शाउने जुन क्षेत्रमा बम खसाल्नु छ। निर्णय भयो 3 ईन्च मोर्टर टोली द्वारा स्मोक बमले क्षेत्र दर्शाउने अनि जुन टोलीमा थिए अचुक बम्बर, छब्बे थापा।

आदेश पाउने साथ पुरा तैयारीको साथ चुनेको जग्गामा जहाँ बाट दुश्मनको सबै कार्वाही माथि नजर पुग्थ्यो, सठीक बम खसाल्न सक्थे अनि आफ्नो जग्गा दुश्मनको छुपावमा थियो त्याँहा मोर्टर लगाए। सबैको भरोसा छब्बे माथि थियो। तयार हुने साथ आफ्नो जग्गा र दुशमनको जग्गाको विवरण आफ्नो पल्टन मुख्यालयमा पठाए जसको जानकारी पायलटमा पठाउन आवश्यक हन्छ। त्यस पश्चात, छब्बेले "जय माँ काली, आयो गोर्खाली" भन्दै बम खसाल्न शुरु ...एक...दुई......तीन.......चार......केही समय लागेन दुश्मनको क्षेत्रलाई अलग्गै दर्शाउन। चारैतरि धुँवै धुँवा भयो पायलटलाई पनि समय लागेन, हमला कहाँ गर्ने भनेर। दुई गोला काफी थियो दुश्मनलाई माटोमा मिलाउन। सफल थियो यो कार्वाही।दुश्मनलाई ठुलो क्षति पुग्यो।दुश्मन पछि हटनु बाध्य भयो। ब्रिटिश सेना सफलपुर्वक पछि हटे, केहि नोक्सान बिना। छब्बेको कार्यक्षमताको, रणकौशलताले सबै खुशी थिए, प्रभावित थिए। सुरक्षित जग्गामा पुगेर क्याम्प बसाए अनि शुरु भयो तैयारी, अर्को युद्घको, सफल युद्धको, विरताको अनि विजयको। सैन्य एउटा यस्तो पेशा हो, निस्वार्थ सेवाको, त्यागको, बलिदानको अनि हौशलाको। शुरु भयो शिर्ष सेना अधिकारीहरुको आगमन , श्याबासीको आगमन, तयारीको स्तर बुझ्ने, सुझाव बिचार विमर्शको आगमन अनि मनोबल बडाउने आगमन। अनि छब्बेको पल्टन सूचीमा प्रथम थियो यस आगमनको निम्ति किन भने यहि पल्टनको कारण त्यस क्षेत्रमा लडि रहेका ब्रिटिश पल्टन सफल पछि हट्न सके।अनि मेजर जनरल अर्डे चार्ल्स विंगेट, जनरल अफिसर कमान्डिंग जवानहरुलाई भेटनुको लागि,मनोबल बढाउनुको निम्ति , भविष्यको रणनितीको जानकारीको निम्ति,श्याबासीको निम्ति, प्रशिक्षण अनि तयारीको निम्ति। जनरलले छब्बेसित बात गरे,श्याबासी दिए जसको कारण पुरा ब्रिटिश सेना पछि हट्न सफल रहे। वहाँले छब्बेलाई पदोन्नतिको निम्ति भने तर छब्बेले यो प्रस्ताव साथै दोस्रो प्रस्ताव वित्तीय पुरस्कार पनि ठुक्राई दियो। जनरलले गोर्खाहरुलाई चिनीसकेको थियो जसले सम्मान बाहेक अरु केही चहाँदैनन् भनेर। वीरता र रणकौशलताको निम्ति वीरताको पदकले सम्मान गर्नको निम्ति छब्बेको व्याक्तिगत जानकारी लिए। तर चाहेको जस्तो कहाँ हुन्छ, उसको भाग्यमा यो थिएन। त्यस पश्चात् जनरल विंगेट आफ्नो मुख्यालय आफ्नो साथ आएका टोली सित फर्किए हेलिकप्टरमा । भाग्यमा लेखिएको अरु केही थियो , केहिक्षणमा समाचार आयो, ".... जनरल विंगेटको हेलिकप्टर वर्माको जंगलमा दुर्घटना ग्रस्त भयो, त्यस उडानमा सामेल सबै अधिकारी अनि सैन्य दलको मृत्यु भयो। यो सन्देश दुखदायी थियो। छब्बेको रणकौशलताको सम्मानको सपना खरानी खरानी भयो। छब्बे रातभरि रोइ बस्यो, सम्मान नपाएकोमा होइन, तर ती अकालै मृत्युमा परेका सैन्य साथीहरुको यादमा.....मायामा.....बिछोडमा...

## (२)

युद्धकालः दोस्रो विश्व युद्ध,
युद्धक्षेत्रः मोगोंग, वर्मा (म्यानमार)
दिनांकः

यस घटना सफलताको हो जो दर्दनाक थियो जसको कारण, उत्तेजना (Over Jubliant)हो।

हवल्दार सिम बहादुर ठकुरी यो युद्धकालमा आफ्नो पल्टन 3/6 ब्रिटिश भारतीय गोर्खा राईफल्समा थिए अनि युद्ध क्षेत्र थियो वर्मा। पूरा पल्टन माइतकिना (Myitkina) भन्ने जग्गा तिर मोगोंगको घना जंगल बीच अघि बडरहेको थियो जहाँ दुश्मन (जापानी) तैनाथ थियो। जंगली जनवार, जुगा, दुश्मन आदिको कारणले अघि बडने प्रक्रियामा धेरै रुकावट आएको थियो। यहाँ जंगलमा चार दिन सम्म पल्टन रोकिएको थियो अनि यहाँ बाट। Air Lift भएर माइतकिना जान थियो। राशन पानी सबै तुरिई सकेको थियो। चार दिन भइ सकेको थियो अनि यो चौथो दिनमा हवाई जहाज द्वारा राशन पानी खसाए/झार्यो (Drop) गरे। तर स्थिति अनुकुल थिएन। जुन क्षेत्रमा यो राशन झारे त्याहाँ जापानी सेना (दुश्मन) तैनाथ थियो साथै केही पर थुम्कोमा दुश्मनको Observation Post थियो जसबाट सठीक गोलाबारी हान्न सक्थे साथै निगरानीमा पनि थियो। आवश्यक थियो पहिले दुश्मनको त्यो पोस्ट (मोर्चा) लाई निरस्त गर्नु (Neutrlise) थियो। शिघ्र बिचरा विमर्श पछि यस कामको निम्ति एउटा टोली पठाउने। हवल्दार सिम बहादुर ठकुरीको नेतृत्वमा दुई जना सिपाहीहरुलाई जिम्मेवारी दियो त्यस पोस्टलाई निरस्त गर्न्। पल्टनमा भर्खरै ट्रेनिग सकेर आएको लेफ्टिनेन्ट पनि यस टोलीमा सामिल थिए जसको जिम्मेवारी केही थिएन, इलाकाको जानकारी तथा युद्धक्षेत्रको जानकारी लिनु थियो अनि उसलाई अंग्रेजी भाषा बाहेक अरु भाषा बोल्न सक्दैन थिए। तयवद्ध योजना अनि जीतको संकल्प बोकी टोली आफ्नी ' टार्गेट' तिर बडे। जंगल घना थियो, टोली केही आवाज ननिकाली,दुश्मनको मोर्चा नजिक पुगे। दिनको समय थियो, जसै दुश्मनलाई टोली नजर आयो, बिना गोली चलाए भाग्न लागे। भाग्ने डरपोकलाई के मारनु भनि सिमबहादुर गर्जिए, ''.... भाग, डर छेरुवा, भाग.... '' । लेफ्टिनेन्टलाई केही थाहा भएन के भइ रहेको छ भनेर। उसले आफ्नो पाउच (Pouch) बाट ग्रिनेड निकालेर भाग्दै गरेको दुश्मन तिर फ्याँक्यो तर दैवको लिला अरु केहि थियो.....तर दुभाग्यवश त्यो ग्रिनेड केही दुरी अघि खडा भएर भागी रहेको दुश्मनलाई कराई रहेको ह० सि बहादुरको छेवमा झर्यो....... परिणाम, हवल्दार सिम बहादुरको बलिदानको, उसले आफ्नो जीवनको आहुती दियो मातृभूमीको निम्ति थियो। युद्घभुमीमा मृत्यु केवल दुश्मनको गोलीले मात्र हुँदैन, लेखेकोले पनि हुन्छ।

---

**गोर्खाली सुधार सभाको निम्नलिखित सम्मानित शाखाहरूको वार्षिक अधिवेशन सफलतापूर्वक सम्पन्न भयो। कर्मठ शाखाध्यक्षज्यू एवं वहाँहरूको समस्त कार्यकारिणीलाई हार्दिक बधाई एवं मंगलमयी शुभकामना छ।**

१) दिनांक :– 04 मार्च 2022
जैन्तनवाला शाखा
शाखाध्यक्ष – श्री शमशेर थापाज्यू

२) दिनांक :– 27 मार्च 2022
श्यामपुर शाखा
शाखाध्यक्ष –श्री गंगा बहादुर गुरूंगज्यू

३) दिनांक :–12 अप्रैल 2022
कौलागढ़ शाखा
शाखाध्यक्ष –श्री विजय प्रसाद भट्टराईज्यू

४) दिनांक :– 20 अप्रैल 2022
सेवली शाखा
शाखाध्यक्ष –श्री हरक बहादुर रानाज्यू

५) दिनांक 24 अप्रैल 2022
भारूवाला ग्रांट शाखा
शाखाध्यक्ष – श्री धीरेंद्र सिंह क्षेत्रीज्यू

६) दिनांकः–27अप्रैल 2022
चंद्रबनी शाखा
शाखाध्यक्ष –श्री पदम शाहीज्यू

८) दिनांक 04 मई 2022
मोथरोवाला शाखा
शाखाध्यक्ष– श्री हेम विक्रम शाहीज्यू

९) दिनांकः–08 मई 2022
ठाकुरपुर शाखा
शाखाध्यक्ष :– कै. विष्णु बहादुर खत्रीज्यू

१०) दिनांकः– 21 मई 2022
ऋषिकेश शाखा
शाखाध्यक्षा– श्रीमती माया घलेज्यू

११) दिनांकः– 22 मई 2022
क्लेमेंटाउन शाखा
शाखाध्यक्ष– कै० डी०एस०भंडारीज्यू

१२) दिनांकः– 25 मई 2022
नवादा शाखा
शाखाध्यक्ष – प०गोविंद प्रसाद पंथीज्यू

१३) दिनांक :–29 मई 2022
बरोटीवाला शाखा
शाखाध्यक्ष – श्री विनोद थापाज्यू

१४) दिनांक 29 मई 2022
विकासनगर शाखा
शाखाध्यक्ष – श्री जोगेंद्र शाहज्यू

१५) दिनांकः– 30 मई2022
कारबारी शाखा
शाखाध्यक्ष – कै०बी०एस० मल्लज्यू

१५) दिनांक 31 मई 2022
इंद्रानगर शाखा
शाखाध्यक्ष –श्री ईश्वर प्रसाद रेग्मीज्यू

१६) दिनांक :– 01 जून 2022
नयागाँव शाखा
शाखाध्यक्ष – श्री मीन बहादुर खत्रीज्यू

**सूचना :– गोर्खाली सुधार सभाको वार्षिक अधिवेशन 2022 , 17 जुलाई 2022 मा निश्चित भयेको छ। शाखा तथा केन्द्रका सबै सदस्यहरू उपस्थिती निम्ती आमंत्रण छन।**

**धन्यवाद**

# शाखाका वार्षिक अधिवेशनहरू



ऋषिकेश शाखा



क्लेमेंटाउन शाखा




नवादा शाखा



बरोटीवाला शाखा




विकासनगर शाखा




कारबारी शाखा



इंद्रानगर शाखा




नयागाँव शाखा

# शाखाहरूको वार्षिक अधिवेशन एवम् केन्द्रको गतिविधिहरू



हिंदुस्तान — गोर्खाली सभा ने थापा को नवाजा

अमर उजाला — बुजुर्ग और फुटबाल खिलाड़ी को किया सम्मानित

अमर उजाला — अधिवेशन में मेधावियों को छात्रवृत्तियां बांटीं

हिन्दुस्तान अपना देहरादून — गोर्खाली सुधार सभा ने छात्रों को बांटीं छात्रवृत्तियां

शाखाओं के कार्यों पर केन्द्रीय अध्यक्ष ने जताई संतुष्टि

## अमर उजाला

हवलदार मोहन सिंह रावत, हवलदार भगवान सिंह थापा, हवलदार जोग राज गुरुंग, नायक डंबर बहादुर गुरुंग।

### बुजुर्गों का सम्मान और मेधावियों को बांटी छात्रवृत्ति

देहरादून। गोरखाली सुधार सभा की क्लेमेंटटाउन शाखा का वार्षिक अधिवेशन धूमधाम से मनाया गया। इस दौरान शाखा की ओर से बुजुर्गों का सम्मान किया गया और मेधावी छात्र-छात्राओं को छात्रवृत्ति प्रदान की गई। कार्यक्रम के दौरान रंगारंग कार्यक्रम भी प्रस्तुत किए गए। रविवार को क्लेमेंटटाउन स्थित दुर्गा मंदिर परिसर में आयोजित वार्षिक अधिवेशन में शाखा अध्यक्ष कैप्टन डीएस भंडारी ने मुख्य अतिथि केंद्रीय अध्यक्ष पद्म सिंह थापा, उपाध्यक्ष राजन क्षेत्री, महामंत्री गोपाल क्षेत्री और प्रबंधक प्रभा शाह का स्वागत किया। इसके बाद उन्होंने शाखा के पिछले वर्ष के कार्य एवं आय-व्यय का लेखाजोखा लोगों के सामने रखा। शाखा के सीके राई, आईएस थापा, एमएस राना और यमु राना ने अपने विचार रखे। सभा के वरिष्ठ उपाध्यक्ष, महामंत्री एवं प्रबंधक ने गोरखाली सुधार सभा के कार्य, उपलब्धियों और आगामी योजनाओं के विषय में विस्तार से जानकारी दी। अंत में केंद्रीय अध्यक्ष पद्म सिंह ने अभय थापा, चाहत थापा, मेहुल शर्मा, स्मृति थापा, अश्विनी गौतम, करन राना, अक्षत भंडारी, अमिषा थापा, आनंदिका खड़का, स्पर्श सुब्बा, रिजुल राई, ज्योति मगर, निकिता क्षेत्री को छात्रवृत्ति प्रदान की। बुजुर्ग मन कुमारी थापा और दिल राम थापा को शॉल और स्मृति चिह्न देकर सम्मानित किया गया। इस अवसर पर शाखा के एसके राई, छाया भंडारी समेत सभी सदस्य मौजूद रहे। मा.सि.रि.

अमर उजाला — गोरखाली सुधार सभा की शाखा ने मनाया वार्षिकोत्सव

क्राइम स्टोरी — मोथरोवाला शाखा का वार्षिक अधिवेशन संपन्न

उदय प्रताप — गोर्खाली सुधार सभा ने मेधावी छात्र-छात्राओं को प्रदान की छात्रवृत्तियां

अमर उजाला — मेधावी छात्र-छात्राओं को बांटी छात्रवृत्ति

### गोर्खाली सभा ने शहीदों के परिजन नवाजे

देहरादून, कार्यालय संवाददाता। गोर्खाली सुधार सभा की नवादा शाखा के वार्षिक अधिवेशन में शहीदों के परिजनों को सम्मानित किया गया। बुधवार को दुर्गा मंदिर परिसर पर शाखा अध्यक्ष पंडित गोविंद प्रसाद पंथी की अध्यक्षता में यह आयोजन हुआ। उन्होंने मुख्य अतिथि गोर्खाली सुधार सभा के केंद्रीय अध्यक्ष पदम सिंह थापा, उपाध्यक्ष पूजा सुब्बा, महामंत्री गोपाल क्षेत्री, प्रबंधक प्रभा शाह का स्वागत किया। पूर्व प्रधान सरला थापा, जीत बहादुर क्षेत्री ने अपने विचार रखे। वयोवृद्ध पूर्व सैनिक, वीरता पदक विजेता, शहीदों के परिजन, वीर नारियों और युद्ध में घायल पूर्व सैनिकों को सम्मानित किया गया। शहीदों के परिजनों का सम्मान: नीलम थापा पुत्री शहीद नायक सुल बहादुर थापा, बम बहादुर गुरुंग भाई शहीद राइफलमैन भक्त बहादुर गुरुंग, शंकर गुरुंग नाती शहीद नायक सूबेदार गणेश बहादुर गुरुंग, वाविद्र क्षेत्री भांजा शहीद नायक जंग बहादुर थापा, चंद्रकला गुरुंग वीरमाता कारगिल शहीद संजय गुरुंग।

वयोवृद्ध पूर्व सैनिक सम्मान: धोज बहादुर राना (97 वर्षीय) और जीत बहादुर थापा (93 वर्षीय)

वीरता पदक विजेता: वीर चक्र अलंकृत ऑनरेरी कैप्टन खुशीमान गुरुंग (कारगिल युद्ध-1999), ऑनरेरी कैप्टन इंद्र बहादुर थापा (सेना मेडल-1974), ऑनरेरी कैप्टन एसबी थापा और सूबेदार राजेश थापा

स्वतंत्रता सेनानी परिवार सम्मान: दरमान सिंह क्षेत्री पोता स्व. बहादुर क्षेत्री।

युद्ध के घायलों का सम्मान: लोक बहादुर गुरुंग, बिजेंद्र सिंह थापा, चंद्रकला गुरुंग पत्नी स्वर्गीय मेहर सिंह गुरुंग, भक्तराज थापा पुत्र स्वर्गीय हवलदार तुल बहादुर थापा।

खेल प्रतिभा सम्मान: रघु गुरुंग (एशियन गेम्स हैंडबॉल गोलकीपर)

वरिष्ठ समाजसेवी सम्मान: सरला थापा (पूर्व प्रधान) और पूनम गुरुंग (पूर्व प्रधान)।

वार्षिक अधिवेशन में उत्कृष्ट प्रतिभाओं का हुआ सम्मान

गोर्खाली सभा ने शहीदों के परिजन नवाजे

अमर उजाला — शहीदों के परिजनों, बुजुर्गों और वीर नारियों का सम्मान

धूमधाम से मनाया गया गोरखाली सुधार सभा की नवादा शाखा का वार्षिक अधिवेशन

गोर्खाली सभा ने शहीदों के परिजनों को सम्मानित किया

मेधावी छात्र-छात्राओं को दी छात्रवृत्ति